“जहाँसम्म दिन र रात पुग्छन्, त्यहाँसम्म यो धर्म अवश्य पुग्नेछ। अल्लाहले कुनै पनि कच्चा वा पक्का घर (सहर, नगर र गाउँ) बाँकी राख्नुहुने छैन, जहाँ यो धर्म प्रवेश गर्नेछैन

तमीम अल-दारी (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें : “जहाँसम्म दिन र रात पुग्छन्, त्यहाँसम्म यो धर्म अवश्य पुग्नेछ। अल्लाहले कुनै पनि कच्चा वा पक्का घर (सहर, नगर र गाउँ) बाँकी राख्नुहुने छैन, जहाँ यो धर्म प्रवेश गर्नेछैन; चाहे सम्मानका साथ होस् वा अपमानका साथ। अल्लाहले इस्लामद्वारा सम्मान प्रदान गर्नुहुनेछ र कुफ्रद्वारा अपमानित गर्नुहुनेछ।” तमीम अल-दारी (रजियल्लाहु अन्हु) भन्नुहुन्थ्यो: “मैले नबी (सल्लल्लाहु अलैहि वसल्लम) को यो कथनको सत्यता आफ्नै परिवारका सदस्यहरूमा देखेको
छु। तिनीहरूमध्ये जो मुस्लिम भए, उनीहरूले भलाई, सम्मान र इज्जत पाए; र जो काफिर रहे, उनीहरूले अपमान, तिरस्कार र जिजिया भोग्नुपर्यो।” [सही] [अहमदले वर्णन गरेका छन्]

नबी (सल्लल्लाहु अलैहि वसल्लम) ले भविष्यवाणी गर्नु भएको छ कि इस्लाम धर्म पृथ्वीको कुनाकाप्चा र सबै भागहरूमा फैलिनेछ। जुनसुकै ठाउँमा दिन र रात पुग्छ, त्यहाँ यो धर्म अवश्य नै पुग्नेछ। सहर, नगर, गाउँ वा मरुभूमिमा कुनै पनि कच्चा वा पक्का घर भए पनि अल्लाहले त्यहाँ इस्लाम धर्म अवश्य पुर्याउनु हुनेछ । जसले यस धर्मलाई स्वीकार गर्छ र यसमा आस्था राख्छ, इस्लामले उसलाई गौरवान्वित तुल्याउने छ। तर जसले यसलाई अस्वीकार गर्छ र कुफ्र गर्छ, ऊ कुफ्रकै कारण अपमानित हुनेछ। त्यसपछि तमीम अल-दारी (रजियल्लाहु अन्हु) ले भन्नुभयो कि नबी (सल्लल्लाहु अलैहि वसल्लम) को यो कथनको सत्यता मैले आफ्नै परिवारका सदस्यहरूमा देखेको छु। तिनीहरूमध्ये जो मुस्लिम भए, उनीहरूले भलाइ, मान र इज्जत पाए; र जो काफिर रहे, उनीहरूले 'जिजिया' तिर्न साथै अपमान पनि पाए।

http://www.sunnah.global/hadeeth/ne/show/11220